आज मिति २०७४ साल आश्विन १८ गते (अंगार) गते दिन राप्ती सोनारी गाउँ पालिकाको बैठक राप्ती सोनारी गाउँ पालिकाको अध्यक्ष श्री लाहुराम थारुको अध्यक्षतामा निम्न उपस्थितिमा बसी निम्न बमोजिम निर्णय गरीयो।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | सहीछाप |
|---|---|---|---|
| १ | श्री लाहु राम थारु | अध्यक्ष | [signature] |
| २ | श्री धनी कुमारी खत्री | उपाध्यक्ष | खत्री |
| ३ | श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष १ सदस्य | [signature] |
| ४ | श्री मदन कुमार वली | —॥— २ " | [signature] |
| ५ | श्री गंगा राम थारु | —॥— ३ " | [signature] |
| ६ | श्री कान्छा थारु | —॥— ४ " | [signature] |
| ७ | श्री अगद थारु | —॥— ५ " | [signature] |
| ८ | श्री जनक बहादुर थारु | —॥— ६ " | |
| ९ | श्री राम लखन थारु | —॥— ७ " | [signature] |
| १० | श्री खुम बहादुर बस्नेत | —॥— ८ " | [signature] |
| ११ | श्री महावीर वली | —॥— ९ " | [signature] |
| १२ | श्री कमला जोसी | महिला सदस्य " | [signature] |
| १३ | श्री नैनी कुमारी क्षेत्री | —॥— " | नैना |
| १४ | श्री मिना कुमारी विष्ट | —॥— " | [signature] |
| १५ | श्री लिला नेपाली | —॥— " | लिला |
| १६ | श्री देव राज कुमाल | " | |
| १७ | श्री पतरी दमाई | " | पतरी |
| १८ | श्री भरत कुमार मल्ल | कार्यकारी अधिकृत एवं सचिव | [signature] |

प्रस्तावहरु

(१) नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन, बिक्री वितरण तथा आन्तरिक प्रचार प्रसार सम्बन्धमा।

(२) राहत वितरण सम्बन्धमा।

[signature]

(३) लगत छुट सम्बन्धमा ।

(४) गाडी भाडा (इन्धन भुक्तानी सम्बन्धमा ।

(५) योजना कार्यान्वयन सम्बन्धमा ।

(६) दुर्गा पुजालाई रकम उपलब्ध गराउने सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं. १ :** प्रस्ताव नं. १ मा छलफल गर्दा यस राप्तीसोनारी गाउँपालिका अनतर्गत पर्ने बिभिन्न स्थानहरुवाट तोकिएको परिमाणमा नदीजन्य पदार्थ ढुँगा, गिट्टी,मोरंग र वालुवा उत्खनन,बिक्री बितरण तथा आन्तरिक निकासी गर्ने कार्यको लागि जिल्ला समन्वय समिति बाँकेबाट बोलपत्र आहवान गरी सपना ट्रेडर्स एण्ड सप्लायर्स नेपालगंज, १७ को बोलपत्र स्वीकृत गरी पट्टा समेत उपलब्ध भई नदीजन्य पदार्थहरु उत्खनन बिक्रि,बितरण र आन्तरिक निकासी गर्ने कार्य तीव्र रुपमा भईरहेको,तोकिएको परिमाणभन्दा बढी नदीजन्य पदार्थ उत्खनन गर्दा नदी,खोलाको धार परिवर्तन भई ठुलो जोखिम यस गाउँपालिकाले मोल्नुपर्ने,तोकिएको परीमाणभन्दा बढी उत्खनन गरेमा यस गाउँपालिकाले पाउने राजश्वमा समेत हानी नोक्सानी हुने हुँदा सो कार्यलाई नियन्त्रण गर्न यस गाउँपालिकाको पनि दायित्व भएकोले तोकिएको परिमाण मात्र आन्तरिक निकासी एकिन गर्न निम्न नाकाहरुमा निम्न बमोमिका गाउँपालिकाबाट कर्मचारी नियुक्त गरी आन्तरिक निकासीको रेकर्ड राख्ने सोको जानकारी प्रत्येक दिन अनुगमन टोलीलाई दिने सो कार्यको अनुगमनको लागि निम्न बमोजिमको अनुगमन टोली गठन गर्ने,खटिने कर्मचारीको नियुक्ति अनुगमन टोलीका संयोजकको सिफारिसको आधारमा कार्यकारी अधिकृते गर्ने,नियुक्ति कर्मचारीको मासिक तलव रु १२,००० /- बाह्र हजार मात्र आन्तरिक श्रोतबाट भुक्तानी गर्ने निर्णय गरियो ।

१. वडा नं. ९ को ढकेरीमा २ जना

२. वडा नं. ६ को गुलरी ढलैयामा २ जना

### अनुगमन समिति

| | | |
|---|---|---|
| १. वडा अध्यक्ष वडा नं. ८ | खुम बहादुर बस्नेत | संयोजक |
| २. वडा अध्यक्ष वडा नं. ९ | महावीर ओली | सदस्य |
| ३. वडा अध्यक्ष वडा नं. २ | मदन कुमार ओली | सदस्य |
| ४. वडा अध्यक्ष वडा नं. ६ | जनक बहादुर थारु | सदस्य |

**निर्णय नं. २ :**प्रस्ताव नं. २ मा छलफल गर्दा बाढी प्रभाबित परिवारलाई राहत बितरणको लागि जिल्ला बिपद ब्यबश्थापन समिति बाँकेबाट मिति २०७४/०६/०८ गते मात्र रकम प्राप्त भएको बडादशै शुरु भईसकेको अवश्था मा वडादशै अगाडि नै राहत रकम बितरण गर्नुपर्ने भएकोले वडादशैको बिदाको दिनमा समेत वडाअध्यक्ष लगायतका जनप्रतिनिधिहरु र वडासचिव लगायतका कर्मचारीहरुले राहत बितरण गरेको राहत बितरण बिहानदेखि साँझसम्म गरेकोले राहत बितरण गर्ने कार्यमा खटिएका जनप्रतिनिधि र कर्मचारीहरुलाई खाजा तथा खाना खर्च बापत निम्न वडामा निम्न बमोजिमको रकम उपलब्ध गराउने र सो रकम गाडी भाडामा लिई अध्यक्ष,उपाध्यक्ष, कार्यकारी अधिकृत, ना.सु., लेखापालले सम्बन्धित वडामा गई रकम र भरपाई उपलब्ध गराएको साथै सो कार्यको अनुगमन समेत गरेकाले गाडीभाडा रु ४,०००/- एक दिनको र ईन्धन खर्च भुक्तानी गर्ने, राहत बितरणको भरपाई तयार गर्ने कार्य गौरीलाल बुढाथोकीले गरेकोले निजलाई सो गरे वापत रु ७,०००/- भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

### तपसील

वडा नं. १ रु २०००/-, वडा नं. २ रु ८,०००/-, वडा नं. ३ रु ४,०००/-, वडा नं. ४ रु ४,०००/-, वडा नं. ५ रु ३,०००/- वडा नं. ६ रु ६,०००/-, वडा नं. ७ रु १०,००० /-, वडा नं. ८ रु ३०००/-, वडा नं. ९ रु २,०००/-

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ मा छलफल गर्दा बाढी प्रभाबित परिवारको लगत भरी जिल्ला बिपद ब्यबश्थापन समितिमा पठाएकोमा केही परिवारहरुको लगत समाबेश नभएको र बाढी प्रभाबित भई लगत संकलन गर्नैपर्ने कुनै परिवार भए त्यस्ता परिवारहरुको लगत संकलन गरी मिति २०७४/०६/२२ गते बस्ने बैठकमा सम्बन्धित वडा अध्यक्षहरुले पेश गर्ने र ति नामावलीहरु जिल्ला बिपद ब्यबश्थापन समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ मा छलफल गर्दा गाउँपालिकाको अध्यक्षले गाउँपालिकाको कार्यको प्रयोगका लागि २०७४/०४/२७ गतेदेखि ब्यक्तिगत जीप भाडामा लिई मिति २०७४/०६/१७ सम्म प्रयोग गरेकोले उक्त अवधिको जीपभाडामा लिई प्रयोग गरे बापतको रकम र ईन्धनको रकम समेत अध्यक्षले पेश गरेको बिल भरपाई बमोजिमको भुक्तानी गर्ने र सवारी चालक समेत ८ सीट क्षमताको AC को सुबिधा भएको नयाँ चालु अवस्थाको सवारी चालक समेत १ वटा गाडी भाडामा लिन सूचना प्रकाशित गरी उपयुक्त गाडी कार्यालय प्रयोजनको लागि भाडामा लिने निर्णय गरियो ।

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ मा छलफल गर्दा गाउँपालिकाको नीति, कार्यक्रम र वजेट पारित भई सकेकोले प्राबिधिकबाट लगत ईष्टिमेट गरी गर्नुपर्ने वडाका योजनाहरुमा कुन योजना उपभोक्ता समितिबाट गर्ने र कुन योजना ठेक्कापट्टाबाट गर्ने एकिन गरी आ आफ्नो वडाका योजनाहरु मिति २०७४।०६।२२ गते बस्ने बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**प्रस्ताव नं. ६ मा छलफल गर्दा हिन्दुहरुको महान चाड वडादशैमा गरिने दुर्गा पुजा र ईलाका तथा वडा प्रहरी कार्यालयमा गरिने मौला पुजाको लागि रकम माग भई आएकोमा प्रहरीलाई दिने रकम ईलाका प्रहरी कार्यालयलाई रकम रु १०,००० /- र वडा प्रहरी कार्यालयलाई रु ८,०००/- का दरले गाउँपालिका भित्रका सवै प्रहरी कार्यालयलाई उपलब्ध गराएकोले सो रकमलाई समर्थन गर्ने र दुर्गा पुजाको लागि माग भएका निबेदनहरुमा पुजा भएको हो वा होईन एकिन गरी रु ५,०००/- का दरले रकम उपलब्ध गराउने निर्णय गरियो ।